गजुरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः २ मितिः २०८१/०२/०४

## भाग-२

## गजुरी गाउँपालिका

# गजुरी गाउँपालिकाको गोरु बीमा तथा नगद सहायता अनुदान कार्यक्रम कार्यविधि, २०८१

**प्रस्तावनाः**

गोरु पाल्ने र जोत्ने परम्परा हट्दै जान थालेपछि यसको संरक्षण गर्न तथा गोरु पाल्ने क्रम घट्दा जग्गा बाँझो हुने क्रम बढेपछि कृषकलाई प्रोत्साहनका लागि यस कार्यक्रम गर्न लागिएको छ। धार्मिक, सांस्कृतिक, जैविक र पर्यावरणीय महत्व बोकेका स्थानीय जातका गाई र गोरु पाल्ने किसानलाई प्रोत्साहन गर्ने, आधुनिक र व्यावसायिक पशुपालन तथा कृषि प्रवर्धनका साथसाथै स्थानीय जातका पशुको आनुवंशिक स्रोत संरक्षण गर्न र गजुरी गाउँपालिका क्षेत्र भित्रमा आर्थिक स्थिति कमजोर भएका कृषकहरुलाई तिनिहरुको आर्थिक स्थितिमा सुधार ल्याउन कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले गजुरी गाउँपालिकाको कार्यपालिका द्वारा यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

**१. प्रारम्भिकः संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "गोरु बिमा तथा नगद सहायता कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

(ख) यो कार्यविधि गजुरी गाउँपालिका, गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

(क) "कार्यालय" भन्नाले गजुरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ख) "कार्यक्रम" भन्नाले गोरु बिमा तथा नगद सहायता कार्यक्रम सम्झनु पर्दछ ।

(ग) "शाखा" भन्नाले गजुरी गाउँपालिका अन्तर्गत रहेको पशु सेवा शाखा सम्झनु पर्दछ ।

(घ) "कार्यदल" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने कार्यदल सम्झनु पर्दछ ।

(ङ) "कार्यविधि" भन्नाले गोरु बिमा तथा नगद सहायता कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ सम्झनु पर्दछ ।

**(३) कार्यक्रमको उद्देश्यः**

कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ

(क) स्थानीय जातका गाईगोरु संरक्षण गर्ने

(ख) आयस्तर कमजोर भएका समुदाय लक्षित कार्यक्रम सञ्चालन गर्ने

(ग) खेत बाझो नराख्न र प्रांगारिक मलबाट किसानलाई कृषिमा आत्मनिर्भर बनाउने

**(४) कार्यक्रमका क्षेत्र सम्बन्धि व्यवस्थाः**

कार्यक्रमको क्षेत्र गजुरी गाउँपालिकाका सम्पूर्ण वडा रहनेछ ।

**(५) कार्यक्रम संचालन प्रकृयाः**

(क) गजुरी गाउँपालिकाको कार्यालयले कार्यक्रमको प्रस्ताव सम्बन्धी सूचना (अनुसुची -१) कम्तीमा १५ दिनको म्याद राखी सुचना प्रवाह गर्नु पर्नेछ र सो सुचना गाउँपालिकाको कार्यालय तथा वडा कार्यालय समेत टाँस गर्नुपर्नेछ ।

(ख) गाउँपालिका बाट अनुदानको लागि कृषकले अनुसुचि २ बमोजिमको ढाँचामा निवेदन वडा कार्यालय मार्फत वा सोझै पशु सेवा शाखामा दिन सक्नेछन्।

(ग) कार्यक्रम संचालन गर्दा समितिले निश्चित मापदण्ड स्विकृत गरी त्यस्तो मापदण्ड बमोजिम कृषक छनौट गरिनेछ ।

(घ) छनौट गर्नु निवेदकको नामावली सहित दाबि बिरोधको लागि सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(ङ) मापदण्ड बमोजिम पशुपन्छी विकास शाखाले वडाको सिफारिस सहित कृषकको छनौटको लागि कार्यक्रम कार्यन्वयन कार्यदल समक्ष पेश गर्नुपर्नेछ ।

(च) कार्यक्रम कार्यन्वयन कार्यदलले लाभग्राही छनौट गर्नेछ

(छ) अनुसुचि–३ बमोजिम बिमा कम्पनि संग सम्झौता सम्पुर्ण बिमा शुल्क रकम यस कार्यक्रम बमोजिम व्यहोर्ने गरि बिमा कार्यक्रम सञ्चालन गरिनेछ।

(ज) बीमा गरिएको पशुहरुलाई मात्र नगद अनुदान वितरण गरिनेछ।

(झ) नगद अनुदान बितरण गाउँकार्यपालिकाको कार्यालयबाट वा सम्बन्धित वडाबाट बितरण गर्न सकिनेछ।

**(६) अनुदान रकमको सिमा तथा संख्या सम्बन्धि व्यवस्थाः**

अनुदान रकमको सिमा तथा संख्या सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) अनुदान रकमको हकमा सम्बन्धित कार्यक्रमको शिर्षकमा बिनियोजित रकम मात्र उपलब्ध गराइनेछ । रकम अपुग भएमा कार्यपालिकाको निर्णय बमोजिम रहनेछ।

(ख) एक आ.व को लागि अनुदान रकम प्राप्त निवेदन र उपलब्ध बजेटको आधारमा तय गरी कार्यक्रम कार्यन्वयन कार्यदलको निर्णय बमोजिम रहनेछ।

**(७) कृषक छनौटका आधारः कृषक छनौटका आधार देहाय बमोजिम हुनेछ ।**

(क) पशुपालन व्यवसायलाई अंगाल्न सक्ने अभिरुचि भएको ।

(ख) कम्तिमा एक हल गोरु( जोत्ने उमेरको) पालेको कृषक हुनु पर्ने।

**(८) छनौट तथा कार्यान्वयन समितिः**

यस कार्यबिधिको कार्यान्वयन गर्न तथा कृषक छनौट गर्न देहाय देहाय बमोजिमको एक कार्यक्रम कार्यन्वयन कार्यदल रहनेछ

(क) गाउँपालिका अध्यक्ष –संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष –सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(घ) आर्थिक विकास समिति संयोजक - सदस्य

(ङ) पशु सेवा शाखाका कर्मचारी –सदस्य

(च) पशु सेवा शाखाका प्रमुख - सदस्य

**(९) अनुगमन सम्बन्धि व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन गाउँपालिकाको कार्यक्रम कार्यन्वयन कार्यदल,अनुगमन समिति, वडा समिति र सम्बन्धित बिषयगत शाखाले गर्नेछन ।

**(१०) थपघट वा हेरफेर गर्न सक्नेः** (१) यो कार्यबिधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यबिधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछन ।

**(११) बाधा अडकाउ फुकाउः**

यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अडचन परेमा समितिले निर्णय गरी त्यस्तो बाधा अडचन फुकाउन सक्नेछ ।

# अनुसूचि -१
# गजुरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गोरुपालक कृषकलाई प्रोत्साहन कार्यक्रममा सहभागी हुन निवेदन प्रस्ताव आव्हान सम्बन्धि सूचना

गजुरी गाउँपालिका, पशु सेवा शाखा गजुरीको आ.व. ....... को स्विकृत कार्यक्रम गोरु बिमा तथा नगद सहायता अनुदान कार्यक्रम अन्तर्गत निशुल्क बिमा तथा नगद सहायता प्रदान गरिने भएकोले कार्यक्रममा सहभागागिताको लागि देहाय बमोजिमको कागजात सहित १० दिन भित्र पशु सेवा शाखा वा सम्बन्धित वडामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

१. नेपाली नागरिकताको प्रतिलिपि
२. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
३. एक हल गोरुको फोटो

प्रमुख प्रशासकीय अधिकृत

## अनुसुचि–२

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू                                        मितिः  /        /

गजुरी गाउँपालिकाको कार्यालय, धादिङ

बिषयः गोरु बीमा तथा नगद सहायता कार्यक्रममा सहभागी गरिदिने सम्बन्धमा

महोदय,

म बिगत देखि नै जोत्ने प्रायोजनको लागि गोरुपालन गर्दै आइरहेको कृषक भएको हुँदा गजुरी गाउँकार्यपालिकाको कार्यालयको मिति ...................गते प्रकाशित सूचना बमोजिम "गोरु बिमा तथा नगद सहायता अनुदान कार्यक्रम" मा सहभागी गराईदिनुहुन तपसिल बमोजिम कागजात राखी यो निवेदन पेश गर्दछु ।

पालिएको गोरुको संख्या तथा उमेरः    .

तपसिलः

१. नेपाली नागरिकताको प्रतिलिपि
२. सम्बन्धित वडा कार्यालयको सिफारिस
३. एक हल गोरुको फोटो

निवेदकको

नामः

दस्तखतः

ठेगानाः

सम्पर्क नं.

## अनुसुचि–३

## …… इन्स्योरेन्स कम्पनी लिमिटेड र गजुरी गाउँपालिका बिच बीमा सम्बन्धि कारोबार गर्नेको लागि गरिएको दुई पक्षीय सम्झौता पत्र

बीमा ऐन २०४९ बमोजिम बीमा कारोबार गर्न इजाजत प्राप्त श्री …… इन्स्योरेन्स कम्पनी लिमिटेड, ….शाखा (यसपछि प्रथम पक्ष भनिने) तथा श्री गजुरी गाँउपालिकाको कार्यालय (यस पछि दोस्रो पक्ष भनिने) ,बीच दोस्रो पक्षको स्विकृत कार्यक्रम **गोरु बिमा तथा नगद सहायता अनुदान कार्यक्रम** सञ्चालनर्थ गोरुहरुको बीमा गर्ने गराउने कार्य सरल रुपमा गर्न तल उल्लेखित शर्तहरुको अधिनमा रही रहि यो सम्झैता पत्र तयार गरी दुबै पक्षले सहि छाप गरी एक एक प्रति लियौं र दियौं । फरक परेमा अन्य कुरा प्रचलित कानुन बमोजिम सहन मन्जुर छौं।

**सम्झौताका सर्तहरुः**

- दोस्रो पक्ष अन्तर्गतका सबै लाभग्राहीहरुको प्रथम पक्षले बीमा गर्ने छ यसरी बीमा गर्दा दोस्रो पक्षको उद्देश्यहरु बमोजिम प्रथम पक्षले बीमा सेवा उपलब्ध गराउने छ।
- बीमा शूल्क दर तथा बीमाका शर्तहरु बीमा समितिको निर्देशिका तथा परिपत्रहरु अनूसार हुनेछ।

**दोस्रो पक्षले पालना गर्नु पर्ने सर्तहरुः**

• बीमा गर्दा बीमा गर्ने **लाभग्राहीहरुको सूची** वा बीमाको सिमा क्षेत्र प्रथम पक्षलाई दोसो पक्षले उपलब्ध गराउने छ।

• दोस्रो पक्षले प्रदान गरेको लाभग्राहिहरुको सूची भन्दा बाहेक प्रथम पक्षले बीमा गरेको खण्डमा उक्त बिमालेखको बिमा शुल्क रकम भुक्तानी गर्न दोस्रो पक्ष बाध्य हुने छैन।

• बीमाशूल्क भूक्तानी गर्दा बिमा शूल्कको ५ प्रतिशतमा नेपाल सरकारले प्रदान गर्ने अनुदान घटाएर आउने रकम, प्रति १ जनाको दुर्घटना बीमा बापत रू २०० र टिकट शुल्क बापत रू २० भुक्तानी गर्ने छ।

• बीमाङ्क निर्धारण गर्दा एक हल गोरुको बिमा शुल्क अधिकतम  रु. १०००।-  (रु.एकहजार मात्र) आउने गरी गर्नुपर्छ। बीमाङ्कको सिमा भन्दा धेरै मूल्यको बीमा (कृषक) बीमीतले गर्ने चाहेमा बढी हून आउने बीमाशूल्क कृषक स्वयम् ले व्यहोर्ने छ।

• बीमाको बीमाशूल्क प्रथम पक्षलाई दोस्रो पक्षले एकमुष्ट बिमालेख प्राप्त भएपछि भूक्तानी गर्ने छ। अथवा आवश्यकता अनुसार प्रथम पक्षलाई दोस्रो पक्षले पेश्कि दिन सक्नेछ।

• आवश्यकता अनुसार कार्यक्रमको अनुगमन दोस्रो पक्षले गर्ने छ ।

**प्रथम पक्षले पालना गर्नु पर्ने सर्तहरुः**

• बीमा गरिने पशूधनहरुको पहिचानको लागि संकेत पट्टा (माइक्रो चिप वा कानमा लगाउने ट्याग) लगाउने कार्य गर्नेछ। यसको लागि आवश्यक सामाग्री तथा प्राविधिकको व्यबस्था प्रथम पक्षले निःशूल्क गर्ने छ।

• यस कार्यबिधि अनुरूप जारी भएको बीमालेखहरुको र दाबी भूक्तानीको अभिलेख राखी सम्पूर्ण विवरण दोस्रो पक्षलाई उपलब्ध गर्ने कार्य प्रथम पक्षले गर्ने छ।

• बीमालेखको १ प्रति दोस्रो पक्षलाई  र १ प्रति लाभग्राहिलाई हस्तान्तरण गर्नु पर्नेछ।

• यस सम्झैताको मितिले .... दिन भित्र दोश्रो पक्षले कार्यक्रम सञ्चालन गरी सम्पन्न गर्नुपर्नेछ।

- उपरोक्त माथि लेखिएका बूँदाहरुमा कूनै विवाद पर्न आएमा दूवै पक्षका आधिकारिक प्रतिनिधिहरु बसी समस्या समाधान गर्न सकिने छ।
- माथि उल्लेख भएका बूदाहरु प्रचलित बीमा ऐन र कृषि, पशुपन्छि तथा जडिबुटि बिमा, २०७९ बमोजिम हुनेछन्।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| ......... इन्स्योरेन्स कम्पनी लि.को तर्फबाट | गजुरी गाउँपालिकाको कार्यालयको तर्फबाट |
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः प्रमुख प्रशासकीय अधिकृत |

| **साक्षी** | **साक्षी** |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |

ईति सम्बतः २०.... साल.... महिना.... गते.....रोज शूभम्

**आज्ञाले,**
**राजु अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**